मिति २०८२/१०/२८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**प्रस्ताव तथा निर्णयहरू**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा | प्रशासन |
| २. | चकमके खेल मैदान निर्माणको क्रममा भएको धानबाली क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा | विपद् व्यवस्थापन |
| ३. | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत प्रमाणीकरण सम्बन्धमा | भूमि व्यवस्थापन |
| ४. | समपूरक र विशेष योजना प्राथमिकीकरण सम्बन्धमा। | योजना |
| ५. | शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा | शिक्षा |
| ६. | कार्यविधि पारित गर्ने सम्बन्धमा। | शिक्षा |
| ७. | तलबी बिदा स्वीकृत सम्बन्धमा | प्रशासन |

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिको गाउँ कार्यपालिका बैठकको निर्णयहरू समीक्षा गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बागमती प्रदेश सरकार, सहरी विकास तथा भवन कार्यालय, सिन्धुलीद्वारा चकमके बजार बस्ती विकास तथा सुधार परियोजना अन्तर्गत खेल मैदान निर्माण कार्य गराउने क्रममा कृषक श्री कमल बहादुर दमै र श्री निल बहादुर भुजेलको धानबाली क्षति भएको पाइएकोले निजहरूलाई तपसिल बमोजिम मापदण्ड निर्धारण गरी एक पटकको लागि क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | कृषकको नाम, थर | ठेगाना | क्षतिको क्षेत्रफल (विगाहा-कठ्ठा-धूर) | उत्पादन प्रति कठ्ठा (कि.ग्रा.) | दर रु. | जम्मा बाली | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १. | कमल बहादुर दमै | तीनपाटन-११ | ०-१-१०-० | १३३ | ४० | २ | १५,९६० |
| २. | निल बहादुर भुजेल | तीनपाटन-०० | ०-१-१०-० | १३३ | ४० | २ | १५,९६० |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत ४ र ११ नं. वडाको क्रमशः ३५५ (तीन सय पचपन्न) र २५४(दुईसय-चौवन्न) जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको डाडा इन्ट्रिको काम समापन भई दाबी विरोधको ७ दिने सूचना समेत प्रकाशन गरी म्याद समाप्त भइसकेकोले उक्त लाभग्राहीहरूको लगत प्रमाणीकरण गरी नापजाँचको कार्य अगाडी बढाउन भूमि समस्या समाधान आयोग, सिन्धुली पठाउने निर्णय गरियो।

नि. प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/१०/२८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को लागि सङ्घीय सरकारका लागि तपसिल बमोजिम योजना प्राथमिकरण गरी माग पठाउने निर्णय गरियो।

समपूरक तर्फ

| सि.नं. | योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | लाम्पनटार-लाम्पनडाँडा-बस्तिपुर-लम्सार-खोरभञ्ज्याङ सडक | १,५०,००,००० | |
| २. | मझुवा-बेल्टार-चकमके सडक | १,००,००,००० | |
| ३. | | १,००,००,००० | |

विशेष तर्फ

| सि.नं. | योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | महिला, बालबालिका र किशोरीहरूको पोषण सुधार एवं पोषणमैत्री स्थानीय तह घोषणा सूचक तयारी | १,००,००,००० | |
| २. | पाटनदेवी मावि कोटगाउँ भवन निर्माण | १,००,००,००० | |
| ३. | मावि सिसाबोट भवन निर्माण | १,००,००,००० | |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँ शिक्षा समितिको मिति २०८२/१०/२८ गते बिहान ९.३० बजे बसेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सामुदायिक विद्यालय तह/दरबन्दी मिलान कार्यदलबाट मस्यौदा पारित भई आएको तपसिल बमोजिम कार्यविधिमा आवश्यक छलफल गरी सर्वसहमतिबाट पारित गरियो।

(क) सामुदायिक विद्यालय तह र दरबन्दी मिलान कार्यविधि, २०८२

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्वास्थ्य चौकी बालाजोर मझुवादोभानमा कार्यरत कार्यालय सहयोगी श्री मोहन बहादुर बुर्जाको स्वास्थ्य उपचारको सिलसिलामा कार्यालयमा अनुपस्थित भएको हालसम्मको तलबी विदा स्वीकृत गर्ने सम्बन्धमा।

*उल्लिखित प्रस्ताव उपर सर्वसहमत निर्णय गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।*

नि. प्रमुख प्रशासकीय अधिकृत